वैठक संख्या:४ मिति २०८२/०७/२१ गतेका प्रस्तावहरु:

प्रस्ताव नं.१- अघिल्लो वैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा ।
प्रस्ताव नं.२- रिक्त दरवन्दी पूर्तिको लागि लोक सेवा आयोगमा माग गर्ने सम्वन्धमा ।
प्रस्ताव नं.३-कटहरे सिं.कु. निर्माणमा रकम उपलव्ध गराउने सम्वन्धमा ।
प्रस्ताव नं.४-व्याडमिन्टन खेलमा सहभागिको रकम उपलव्ध गराउने सम्वन्धमा ।
प्रस्ताव नं.५-विष्णुमती आ.वि. कक्षा कोठा मर्मतको रकम उपलव्ध गराउने सम्वन्धमा ।
प्रस्ताव नं.६-सिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

सत्यवती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोहाङ्ग, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

वैठक संख्या:४ मिति २०८२/०७/२१ गतेका निर्णयहरु:

निर्णय नं.१-प्रस्ताव नं.१ अघिल्लो वैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा छलफल गर्दा मिति २०८२/०६/०७ गतेका दिन भएका निर्णयहरुको वारेमा समीक्षा गरियो ।

निर्णय नं. २-प्रस्ताव नं.२ रिक्त दरवन्दी पूर्तिको लागि लोक सेवा आयोगमा माग गर्ने सम्वन्धमा छलफल गर्दा यस कार्यालयमा दरवन्दी अनुसारका कर्मचारीहरु नहुँदा कार्यसम्पादनमा असजिलो भएको र स्थायी कर्मचारी पद पूर्तिको लागि लोक सेवा आयोगमा माग गर्दा समेत पूर्ति हुन नसकेकोले वैकल्पिक अस्थायी योग्यता क्रममा रहेका कर्मचारीहरु तपसिल अनुसारको पद, सेवा र समूहका कर्मचारी सिफारिस गरिदिन लोक सेवा आयोग लुम्विनी प्रदेश, बुटवलमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.३-प्रस्ताव नं. ३ कटहरे सिं.कु. निर्माणमा रकम उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. २ मा रहेको कटहरेपालो सिंचाई कुलो निर्माणको लागि प्राविधिकको ल.इ.को आधारमा रकम रु.७५,०००/ सिंचाई कार्यक्रम शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं ४-प्रस्ताव नं.४ व्याडमिन्टन खेलमा सहभागिको रकम उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा मिति २०८२/०५/२२ गतेमा जिल्ला प्रशासन कार्यालय, गुल्मीले आयोजना गरेको अन्तर कर्मचारी व्याडमिन्टन प्रतियोगितामा सहभागि कर्मचारीहरुको खर्च रकम रु.१७,४००/ खेलकुद कार्यक्रम शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो।

निर्णय नं. ५-प्रस्ताव नं.५ विष्णुमती आ.वि. को कक्षाकोठा मर्मत गर्ने सम्वन्धमा छलफल गर्दा उक्त आ.वि.को १ वटा कोठा मर्मतको लागि लाग्ने खर्च रकम प्राविधिक लागत अनुमानको आधारमा रकम रु. ६५,०००/ भैपरी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६-प्रस्ताव नं.६-सिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना प्रकाशन गर्ने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं.३ मा पर्ने कुरहर कुरह सडक स्तरोन्नति कार्यका लागि प्रदेश शसर्त अनुदानवाट रकम रु.१० लाख विनियोजन भएको र ३ लाख ९० हजार थप गरी जम्मा १३ लाख ९० हजार रकममा प्राविधिक ल.इ.अनुसार रकम रु.१३८९४१५.७२ को e-bidding मार्फत खुला सिलवन्दी दरभाउ पत्रको माध्यमद्वारा १५ दिनको समयावधि राखी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत